बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि विकास कार्यालय, ललितपुर
मानभवन, ललितपुर, नेपाल

## प्राङ्गारिक मल आपूर्तीकर्ता सूचीकरणको सूचना

सूचना नं: १०/०८१/०८२

प्रथम पटक प्रकाशित मितिः२०८१/१०/१४

कृषि विकास कार्यालय, ललितपुरको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम प्राङ्गारिक मल वितरण कार्यक्रम सञ्चालनका लागि प्राङ्गारिक मल बिक्री गर्ने उत्पादक तथा वितरकहरुले यो सूचना प्रकाशित भएको २१ औं दिन (२०८१/११/०४ गते) सम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी तपसील बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ

**तपसिलः**

१. संस्था दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
२. संस्था नविकरणको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयमा गरिने कम्पनी अद्यावधिक भएको पत्रको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
३. संस्थाको PAN/VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
४. आ.व २०८०/८१ को लेखा परीक्षणको प्रमाणित प्रतिलिपी,
५. आ.व २०८०/८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
६. चालु आ.ब. मा आपूर्ती गर्न सक्ने मलको परिमाण (धुलो प्राङ्गारिक मल, दानादार प्राङ्गारिक मल, गडयौले मल),
७. सम्बन्धित निकायमा सूचिकृत गरिएको प्रमाणपत्रको प्रतिलिपी,
८. सरकारी निकायबाट मान्यता प्राप्त प्रयोगशालाबाट अनुसूची-८ मा उल्लेखित प्राङ्गारिक मलको मापदण्ड तथा गुणस्तरको प्रमाणपत्र (एक महिना भित्रको)
९. प्राङ्गारिक मलको नमुना (मलको ब्राण्डको नाम, प्रति के.जी. मूल्य खुलेको हुनुपर्ने)
१०. आपूर्तीकर्ताले आफुले उत्पादन गर्ने मलको ब्राण्डको नाम, प्रति के.जी. मूल्य, कम्पनीको शाखा/बिक्री कार्यालयहरु र उपलब्ध गराउन सक्ने मलको परिमाण

८१/१०/१४

**तेज प्रसाद दवाडी**
**प्रमुख (अधिकृतस्तर दशौं)**